१. अनुगमन भ्रमणको औचित्य: भागेश्वर गाउँपालिका अन्तरगत बर्थिङ्ग सेन्टर लेकुडा भागेश्वर गाउँपालिकाको कार्यालयबाट कार्यान्वयनमा रहेको यस पालिकाको गौरब (प्राथमिकता प्राप्त) आयोजना रहेको छ। यस गाउँपालिका कार्यालयको मिति २०८१/१/११ को निर्णयानुसार देहाय बमोजिमको अनुगमन टोली बर्थिङ्ग सेन्टर लेकुडाको अनुगमन गर्ने निर्णय भएको।

क. गाउँ पालिका प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक

ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा — सदस्य

२. भ्रमणको संक्षिप्त उद्देश्य: भागेश्वर गाउँपालिका अन्तर्गत संचालित दुर्गम स्थानको बर्थिङ्ग सेन्टर लेकुडामा संचालित निर्माण आयोजनाको स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको बार्षिक कार्यक्रम तथा कार्य प्रगति समेत समावेश गर्न माइलस्टोनसंग सम्वन्धित क्रियाकलापहरुको कार्यान्वयनसंग प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत र विज्ञ परामर्शदाता ईन्जिनियर समेतको सहभागिता निर्माण कार्यस्थलमै अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको प्रगतिका सम्बन्धमा आवश्यक जानकारी लिने र योजना कार्यान्वयनका क्रममा केही समस्याहरु देखिए सोको समाधानका लागि आवश्यक पहल गर्ने रहेको।

३. भ्रमण कार्यतालिका तथा विवरण:

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/१/११ | वगरकोट — लेकुडा | |
| | बर्थिङ्ग सेन्टर लेकुडा क्षेत्रको स्थलगत निरीक्षण | |
| | बर्थिङ्ग सेन्टर लेकुडाक्षेत्रको स्थलगत निरिक्षण सरोकारवालाहरुको समेतको सहभागितामा छलफल, अन्तरक्रिया। | |
| | लेकुडा-बगरकोट | |

४. बर्थिङ्ग सेन्टर लेकुडाको स्थलगत अवलोकन र निरीक्षण:

मिति २०८१ वैशाख ११ गते निरीक्षण टोली स्थलगत अनुगमनको लागि पुगेको थियो। सो अवसरमा टोली प्रमुख सहितका प्राविधिकहरुले बर्थिङ्ग सेन्टर लेकुडाको कार्य प्रगती सम्वन्धमा जिज्ञासा राख्नु भयो। सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ छैन कति कार्य भएको जानकारी प्राप्त भयो। त्यस्तै गरी सोही दिन अन्य निर्माण हुने क्षेत्रको समेत स्थलगत निरीक्षण गरियो।

मिति २०८१ वैशाख ११ गते बर्थिङ्ग सेन्टर लेकुडा निर्माण व्यवसायी एम वि कन्ट्रक्सनका साईट इन्चार्ज सँग बर्थिङ्ग सेन्टर लेकुडाको स्थलगत निरीक्षण गरी समष्टिगत विकास निर्माण एवं सोको प्रगति सम्बन्धमा फोनबाट जिज्ञासा राख्नु भयो। यस क्षेत्रका गर्भवती आमाहरु बर्थिङ्ग सेन्टर लेकुडामा सुत्केरी हुन सक्ने देखिन्छ निर्माण गतिविधि सञ्चालन भएकोले समयमै सम्पन्न नभएकोले १ महिनाको म्याद थप गर्नु पर्ने देखिन्छ ।

आ.ब.०८०/०८१ प्रदेश समपूरक कोष २५०००० र गाउँ पालिका रु २५००००० गरी जम्मा कुल बजेट रकम रु ५०००००० मिति २०८०।०५।१७ गते खुला वोलपत्र आह्वान गरी खुला प्रतिस्पर्धाबाट रु ४२११७५८.६८ भ्याट र पि एस सहित एम वि कन्ट्रक्सन अमरगढी डडेल्धुरा को नाममा ठेक्का सदर भई मिति २०७९।७।२४ गते सम्झौता अविध मिति २०८१।१।३० सम्म भएको देखिन्छ । विभिन्न मितिमा एम वि कन्ट्रक्सन अमरगढी डडेल्धुरालाई निर्माण कार्यको लागि यस कार्यालयबाट पत्राचार गरिएको बर्थिङ्ग सेन्टर निर्माण सम्वन्धित कार्य शुरु भएको स्थिति देखिन्छ।

५. बार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था:

| शीर्षक | बजेट (रु.) | हालसम्मको खर्च (रु.) | बाँकि बजेट (रु.) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| बर्थिङ्ग सेन्टर लेकुडा | ४२११७५८.६८ | ३६०००० | ३८५१७५८.६८ | ८.५४ |

६. नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको अवस्था:

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| लेकुडा क्षेत्र भित्रका गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँचमा अभिवृद्धि | सम्झौता भई निर्माण कार्य भइरहेको। | |

**७. आयोजना संचालनमा देखिएका समस्याहरु:** माथि उल्लिखित कार्यहरु समयमै निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न आवश्यक हुने व्यहोरा अनुगमन टोलीबाट अवगत भयो।

८. अनुगमन टोलीको मन्तव्य/सुझावहरू:

- निर्माण व्यवसायीले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न हुने गरी व्यवस्था मिलाउनु पर्ने।
- अव निर्माण हुने कार्य ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गर्ने ।
- अव प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, इटा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको गुणस्तरीय हुनुपर्ने ।
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण कार्य गर्नुपर्ने ।
- हाल प्रयोग भएको इटा, वालुवा र गिट्टीको गुणस्तर चेकजाचको रिपोर्ट पेश गर्ने ।
- सम्वन्धित साईट प्राविधिकको निर्देशन पालना गर्ने ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फोन मार्फत दिएको निर्देशन वमोजिम कार्य गर्नुपर्ने
- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।
- निमार्ण भएको काममा पानीको प्रयोग गर्ने ।
- तुरुन्त कामदारहरु कार्यक्षेत्रमा खटाउने र कार्य आरम्भ गर्ने ।

## निर्माण स्थलमा अवलोकनको क्रममा खिचिएको तस्वीरहरु









प्रमुख प्रशासकीय अधिकृत

